नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मितिः २०७९/०१ /१२**

विएस्सी फरेष्ट्री (B.Sc.Forestry) विषयमा सिद्धान्त क्याम्पस प्रा.लि. गैंडाकोटमा निःशुल्क (छात्रवृत्तिमा) अध्ययन गर्न १ सिट रिक्त हुन गएकाले इच्छुक उम्मेदवारहरूका लागि दरखास्त आह्वान गरिएकोसम्बन्धी सूचनाः

कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तरगत सिद्धान्त क्याम्पस गैडाकोट नवलपरासी (सुस्तापूर्व) मा शैक्षिक सत्र २०७८/०७९ का लागि B.Sc.Forestry विषयमा अध्ययनका लागि ५ सीट छात्रवृत्ति प्राप्त भएकोमा प्राप्त कोटामा छात्रवृत्ति सम्बन्धी नियमावली २०६० अनुसार योग्यताक्रम कायम गर्न २०७८ साल फागुन २९ गतेदेखि २०७८ साल चैत्र ८ गतेसम्मको म्याद दिई दरखास्त आह्वान गरिएकोमा चार सिटमा मनोनयन प्रक्रिया पूरा भएको तर १ सिट रिक्त रहन गएकाले देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट यस छात्रवृत्ति शाखामा तोकिएका आवश्यक कागजातसहित तोकिएको म्यादभित्र रीतपूर्वक दरखास्त आव्हान गरिएको छ ।

१) दरखास्तका लागि अवश्यक न्यूनतम योग्यता

क) कृषि तथा वनविज्ञान विश्वविद्यालयले २०७८ सालमा सञ्चालन गरको स्नातक तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख) दरखास्तका लागि तोकिएको समूह तथा सिट :

ख १. साधारण समूहमा एक (१) सिट

२) दरखास्त दिने म्यादः मिति २०७९ साल बैशाख १३ गतेदेखि २०७९ साल बैशाख २१ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा, केशरमहलमा दरखास्त पेश गर्न सकिने छ । दरखास्त नमूना यसै साथ संलग्न छ ।

३) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरूले राजस्व वापतको रकम रु १०००।– (एक हजार) राष्ट्रिय वाणिज्य बैङ्क काउन्टरमा कार्यालय कोड नं ३५०००३५०१ तथा राजश्व शीर्षक नं १४२२९ मा दाखिला गरी सोको सक्कल भौचरसमेत संलग्न राखी छात्रवृत्ति शाखामा निवेदनसाथ पेश गर्नुपर्ने छ ।भौचरको नमूना यसै सूचनाको पृष्ठ भागमा दिइएको छ ।

४) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू

- पूर्ण रूपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको सक्कल भौचर
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- कृषि तथा वनविज्ञान विश्वविद्यालयले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय,
- १०+२ वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, र SEE/SLC परीक्षाको मार्कसिट
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सम्बन्धित बोर्डबाट जारी गरिएको समकक्षता पत्र समेत ।
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

५. योग्यताक्रमः

रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit सम्बन्धी कागज प्रमाणको आधारमा नियमानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले योग्यताक्रम कायम गरी कार्यप्रक्रिया अघि बढाइने छ । शर्तमा कुनै दरखास्त दर्ता गरिने छैन ।

*पुनश्चः फारम भर्ने क्रममा कुनै समस्या भएमा मात्र शाखाको फोन नं ४४१८१६९ मा फोन गरी जानकारी लिन सकिने छ । दरखास्तमा कुनै समस्या देखिएर कार्यालयबाट फोन हुन सक्ने भएकाले उम्मेदवारले आफूले उठाउने फोन नम्बर दरखास्तमा उल्लेख गर्नुपर्ने छ । म्याद नाघिसकेपछि आउने दरखास्त र गुनासोलाई स्थान दिइने छैन ।*

नमूना

बैंकको छाप

# राष्ट्रिय वाणिज्य बैंक लि.

अनुसूची २४

शाखा कार्यालय ..................

## राजश्व दाखिला फाराम (Deposit Slip)

दाखिला फाराम (Deposit Slip) नं. 11055513 मिति ........................

राजश्व खाता रहेको बैंक शाखा: राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय

बैंक खाता नं. १ ० ० ० १ ० ० २ ० ० ० १ ० ० . ० ०

राजश्व संकलन भएको प्रदेश :   जिल्ला

स्थानीय तह

(रोयल्टीको हकमा कुन प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोत उपयोग वापतको हो अनिवार्य खुलाउनु पर्नेछ)

प्रयोजन : छात्रवृत्ति प्रयोजन

कार्यालयको कोड: ३ ५ ० ० ० ३ ५ ० १

कार्यालयको नाम: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

राजश्व शिर्षक नं.: १ ४ २ २ ६

दाखिला भएको रकम रु. अंकमा: १ ० ० ०

अक्षरमा: एकहजार रुपैयां मात्र –

आय वर्ष: २०७८/२०७९ श्रोत कर कट्टी: हो ☐ होइन ☐

बापत: छात्रवृत्ति प्रयोजन

भुक्तानीको प्रकार: नगद/साधारण चेक/गुडफर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतिय ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं.

जारी गर्ने बैंक र शाखा:

दाखिला गर्ने फर्म/व्यक्तिको नाम: विद्यार्थीको नाम लेख्ने

ठेगाना/फोन नं. समेत: विद्यार्थीको ठेगाना र फोन नं लेख्ने

भ्याट/पान नं.

विद्यार्थीको सही

बैंकले भर्ने:

कारोबार संकेत नं.

दाखिला रकम

मिति : ..........................

रकम दाखिला गर्नेको सही    प्रमाणित गर्नेको हस्ताक्षर

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ। RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजश्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ। यस राजश्व दाखिला फारमको सट्टा www.rajaswa.fcgo.gov.np मा log in गरी भौचर भर्न सकिने छ।

दर्ता नं
मिति

फोटो

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा, केशरमहल ।

**विषय : मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०७९।०१/१२ मा प्रकाशित सूचना अनुसार BSc. Forestry विषयको स्नातक तहमा अध्ययन गर्न योग्य भएको कृषि तथा वनविज्ञान विश्वविद्यालय रामपुर चितवनले २०७८ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारवाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. कृषि तथा वनविज्ञान विश्वविद्यालय, रामपुर, चितवन

**नम्बर**

| योग्यताक्रम(Rank) | अङ्क | अक्षर | रोल नं. | प्राप्ताङ्क | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | नेपाली | | |
| अंग्रेजी | | | | अंग्रेजी | | |

**आवेदन गरेको समूह (टिक लगाउनुहोस्)**

| क.स. | समूह | | सामुदायिक | अन्य विद्यालय |
|---|---|---|---|---|
| १ | साधारण | | | |
| २ | महिला | | | |
| ३ | जनजाति | | | |

निवेदकको नामथर : ............................................................Name In English : .......................................................

जन्म मिति विक्रम संवत् : ............................................................ ईश्वी संवत : ................................

दरखास्त दिँदाको बखतको उमेर : ................वर्ष सम्पर्क फोन.नं./मोवाईल नं. : .........................................

इमेल : .......................... नागरिकताअनुसारको ठेगानाः जिल्लाः गाउँ/नगर/उमनपा/मनपाः

वडा नंः नागरिकता नम्बरः नागरिकता जारी मितिः

अभिभावकको नाम थर :................................................ सम्पर्क फोन न/मोवाइल नं. : ..............................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ झुट्टा ठहरे कानुनवमोजिम सहुँला बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने योग्यताक्रमसूची निर्धारण तथा पूर्वमनोनयन/मनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएवमोजिम मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

दस्तखत..................................

मिति................................

| दायाँ | बायाँ |
|---|---|